मिति २०७९/०५/०८

निर्णय नं. १

विरुवा गाउँपालिका कार्यालयको आर्थिक बर्ष २०७९/८० को बार्षिक योजनामा समाबेश तपशिल गाउँपालिकाका रणनीतिक सडकहरुको कार्यान्वयन निर्माण व्यबसायीहरु मार्फत गर्ने गरी निर्माण प्रक्रिया अगाडी बढाउने सर्बसहमतिले निर्णय गरियो।

तपशिल :

- ललाङ तर्ले कुसुमभन्ज्याङ बसेरी सडक
- बेलघारी मेथाभुरुङ सडक
- खाली विरुवा सडक
- विरुवा सिखरसिङ दह सडक

निर्णय नं. २

विरुवा गाउँपालिका कार्यालयको आर्थिक बर्ष २०७९/८० को बार्षिक योजनामा समाबेश राङखोला धोबादी विरुवा सडकका लागि संघिय शर्शत अनुदान रु ५० लाख र गाउँपालिका बाट रु ५० लाख गरी विनियोजित कुल १ करोड रकममध्ये रु ५० लाख राङखोला धोबादी सडक खण्ड र रु ५० लाख धोवादी विरुवा सडकखण्डको स्तरउन्नती एवम् मर्मतमा खर्च गर्ने गरी निर्माण प्रक्रिया अगाडी बढाउने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. ३

विरुवा गाउँपालिका कार्यालयको आर्थिक बर्ष २०७९/८० को बार्षिक योजनामा समाबेश शशर्त कार्यक्रम विरुवा बृहत खानेपानी आयोजना लेवा बलेउ समेतका लागि विनियोजित रकम रु ४० लाखमध्येबाट तपशिल योजना निर्धारण गरी उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने सर्बसहमतिले निर्णय गरियो। साथै संघिय शर्शत कार्यक्रम बाहुँ खानेपानी आयोजना विरुवा ४ (रु २५ लाख) को कार्यान्वयन उपभोक्ता समितिमार्फत गर्ने सर्बसहमतिले निर्णय गरियो।

तपशिल :

- लेवा र काँडे खानेपानी योजना विरुवा ६ - रु २० लाख
- बलेउ खानेपानी योजना विरुवा ७ – रु २० लाख

मिति २०७९/०५/०८

निर्णय नं. ४

विरुवा गाउँपालिका कार्यालयको आर्थिक बर्ष २०७९/८० को बार्षिक योजनामा समाबेश शशर्त कार्यक्रम कोल्माकोट पर्यटन विरुवा ४ का लागि विनियोजित रकम रु १० लाख बाट नारायणेश्वर शिब मन्दिर गोफा देखी कोल्माकोट सम्म पर्यटन विकास प्रवर्द्धनका विभिन्न संरचनाहरु निर्माण गर्ने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. ५

विरुवा गाउँपालिका कार्यालयको आर्थिक बर्ष २०७९/८० को बार्षिक योजनामा समाबेश शशर्त कार्यक्रम बृहत मनकामना र घण्टलेक पर्यटनका लागि विनियोजित रु २० लाख रकमबाट तपशिल योजनाहरु कार्यान्वयन गर्ने सर्बसहमतिले निर्णय गरियो।

तपशिल :

- मनकामना मन्दिर मर्मत विरुवा ७ – रु १० लाख
- घण्टलेक पर्यटन प्रवर्द्धन विरुवा ४ – रु ४ लाख
- कालीछाँया मन्दिर विरुवा ६ – रु ३ लाख
- अकलादेवी मन्दिर विरुवा १ – रु ३ लाख

निर्णय नं. ६

विरुवा गाउँपालिका कार्यालयको आर्थिक बर्ष २०७९/८० को बार्षिक योजनामा समाबेश शशर्त कार्यक्रम बास्ताराखोला, मेमखोला, ज्याग्दीखोला नदी नियन्त्रण का लागि विनियोजित रकम रु १ करोडबाट तपशिल स्थानमा नदी नियन्त्रणको कार्यक्रम अगाडी बढाउने सर्बसहमतिले निर्णय गरियो।

तपशिल :

- राउसेघाट भन्दा तल्लो क्षेत्र विरुवा १
- सनफ्लावर बोडिङ देखी विरुवा दोभान सम्म विरुवा १
- बहाचौर क्षेत्र विरुवा १
- कृषि उपज संकलन केन्द्र नजिक विरुवा १
- जनप्रिय स्कुल नजिकको क्षेत्र विरुवा ६

मिति २०७९/०५/०८

निर्णय नं. ७

विरुवा गाउँपालिका क्षेत्रभित्र संचालित योजनाहरुको अनुगमन तथा सुपरिवेक्षणका लागि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८ को ४.१० ग बमोजिम विरुवा गाउँपालिका स्तरिय अनुगमन समितिमा तपशिल सदस्यहरु मनोनित गर्ने सर्बसहमतिले निर्णय गरियो।

तपशिल :

- श्री नविन कुमार आले
- श्री कुसुमदेवी शर्मा श्रेष्ठ

निर्णय नं. ८

विरुवा गाउँपालिका कार्यालयबाट आ.ब. २०७९/८० का बार्षिक योजना तथा कार्यक्रममा समावेश गरिएका लक्षित कार्यक्रमहरु उपाध्यक्ष महिला बिकास कार्यक्रम प्रति वडा रु. १ लाख ५० हजार, आदिवासी जनजाती कार्यक्रम र दलित समुदाय आयआर्जन कार्यक्रम प्रति वडा रु १ लाखको  दरले कार्यक्रम छनौट गरी उपभोक्ता समिति, लक्षित समुदाय वा संघ संस्था मार्फत कार्यन्वयन प्रक्रिया अगाडी बढाउने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. ९

विरुवा गाउँपालिका कार्यालयबाट आ.ब. २०७९/८० को बार्षिक योजना तथा कार्यक्रममा मा समावेश रु १० लाख भन्दा बढी लागत भएका र उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुको उपभोक्ता समिति गठन गर्दा गाउँपालिका अध्यक्ष वा उपाध्यक्ष मध्ये १ जनाको उपस्थिति अनिवार्य रुपमा रहनुपर्ने व्यवस्था गर्ने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. १०

विरुवा गाउँपालिका कार्यालयबाट आ.ब. २०७९/८० को बार्षिक योजना तथा कार्यक्रममा मा समावेश योजनाहरुको कार्यान्वयनका क्रममा प्रयोग गरिने मेशीनरी औजारहरुको जिल्ला दररेट अनुसार निर्धारण गरिएको भाडादर विरुवा गाउँपालिका क्षेत्रको भौगोलिक बिकटता, जिल्ला सदरमूकाम देखीको दुरी, पेट्रोलियम पदार्थको मुल्यवृद्धि लगायत विविध कारणले उक्त दररेटमा मेसिन औजारको उपयोगमा कठिनाई भएकोले साविकको दररेटमा १० प्रतिशतमा नबढ्ने गरी तपशिल बमोजिम परिमार्जन गर्ने सर्बसहमतिले निर्णय गरियो।

मिति २०७९/०५/०८

तपशिल :

| क्र.सं. | मेशीनरी औजार | साविकको दररेट (प्रतिघण्टा) | परिमार्जित दररेट (प्रतिघण्टा) | कैफियत |
|---|---|---|---|---|
| १ | जेसिबी | २५०० | २७५० | |
| २ | एक्साभेटर | ५५०० | ६००० | |
| ३ | ब्रेकर | ६५०० | ७१०० | |

निर्णय नं. ११

विरुवा गाउँपालिका अन्तरगत निर्माण सम्पन्न भएका योजनाहरु ( ४ नं. वडा कार्यालय भवन, आधारभूत स्वास्थ्य केन्द्र – २, आधारभूत स्वास्थ्य केन्द्र – ७) को कार्यालयले उपर्युक्त समय निर्धारण गरी उद्घाटन गर्ने तथा सो बापत हुने खर्च रकम कार्यक्रम खर्च शिर्षकबाट बेहोर्ने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. १२

विरुवा गाउँपालिका क्षेत्रभित्र रहेका सडकहरुको नियमित मर्मत संभार तथा संरक्षणका लागि आवश्यकता अनुसार बाटो हेरालुको व्यवस्था गर्ने सर्बसहमतिले निर्णय गरियो।